# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन
# २०७९

## बुढीगंगा नगरपालिका,
## बाजुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३९४ मितिः२०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
बुढीगंगा नगरपालिका,
बाजुरा।

**कैफियत सहितको राय**

हामीले बुढीगंगा नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू. ४ करोड ६३ लाख ८ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.३२ लाख ७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड ९२ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २६ लाख ६९ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.७ करोड १३ लाख २५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.११ करोड ७६ लाख ३३ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## बुढीगंगा नगरपालिका,बाजुरा

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४९ | ३८ | ४६३०८ | ० | ० | ० | ४९ | ३८ | ४६३०८ | ३२०७ | १२६६९ | २९२८१ | ० | ० | ४१९५० | ११५० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ७१३२५ | ० | ० | ७१३२५ | ० | ४६३०८ | ११७६३३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बुढिगंगा नगरपालिका, बाजुरा , बुढीगंगा नगरपालिका , बाजुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रेमकाजी महर्जन | २०७७-१-७ | २०७८-८-१७ |
| कार्यालय प्रमुख | शुनिल ठकुल्ला | २०७६-२-९ | २०७६-९-१४ |
| कार्यालय प्रमुख | लोकहरी थापा | २०७५-८-२८ | २०७५-१२-२८ |
| कार्यालय प्रमुख | खगेन्द्र प्रशाद जोशी | २०७५-२-२८ | २०७५-६-१९ |
| कार्यालय प्रमुख | पुर्ण बहादुर शाह | २०७४-७-१५ | २०७५-२-२७ |
| कार्यालय प्रमुख | बाल कृष्ण अधिकारी | २०७३-१२-१२ | २०७४-७-१४ |
| कार्यालय प्रमुख | कल्पना कुमारी ठकुल्ला | २०७८-११-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नवराज जोशी | २०७८-११-६ | |
| | | **बेरुजु रकम** | ४६,३०८,५०७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १४,१५,९५,२७७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४१,१२,७८,५८० | **चालु खर्च** | ३३,९२,०३,२४४ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,७६,५९,००० | **पूँजीगत खर्च** | १६,२७,१७,४६८.२ |
| **राजश्व बाँडफाँट** | ५,८४,७८,७३५ | **वित्तीय/अन्य व्यवस्था** | १०,५०,११,५३८ |
| **आन्तरिक आय** | २०,३६,९०१ | | |
| **अन्य आय** | १२,५८,५४,१०२ | | |
| **कुल आय** | ६३,५३,०७,३१८ | **कुल खर्च** | ६०,६९,३२,२५०.२ |
| **बाँकी मौज्दात** | | १६,९९,७०,३४४.८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५३ सभा सदस्य, ५९ वर्ग किलोमिटर क्षेत्रफल तथा २१६७७ जनसंख्या रहेको<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती 2078/06/09 मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**वित्तीय विवरण विश्लेषण**<br>**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.26437704.48 । ले फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२</td><td></td><td></td><td>
हिसाब मिलान गर्नुपर्ने–
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको हिसाब किताब महालेखा नियन्त्रको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने उल्लेख छ । यस नगरपालिकाले ऐनमा तोकेबमोजिमको ढाँचामा हिसाब दुरुस्त राखेको पाइएन । नगरपालिकाले पेश गरेको विवरण अनुसार गत बर्षको लेखापरीक्षण प्रतिवेदनमा औल्यायको मौज्दातबाँकी यो बर्ष अल्या सार्नुपर्नेमा देहायको खातामा फरक देखिएकोले सो बारेमा हिसाब मिलान गरी सोको विवरण पेश गर्नुपर्ने ।
<table>
<tr><th>खाताको नाम</th><th>गत बर्षको मौज्दात</th><th>यस बर्ष अल्या गरेको</th><th>फरक</th></tr>
<tr><td>बैंक मौज्दात सञ्चित कोष</td><td>164704583.72</td><td>141595277.10</td><td>23109306.62</td></tr>
<tr><td>प्रकोप व्यवस्थापनकोष मौज्दात</td><td>30000.00</td><td>1783918</td><td>-1753918</td></tr>
<tr><td>धरौटीबाकी</td><td>5802855.00</td><td>2258159.77</td><td>3544695.23</td></tr>
<tr><td>कल्याणकारी कोष खाता</td><td>1300000</td><td>1300000</td><td>0</td></tr>
<tr><td>युएनहेभिटाट कोष मौज्दात</td><td>91731.15</td><td></td><td>91731.15</td></tr>
<tr><td>स्वास्थ्य उपचार कोष</td><td>500000.0</td><td>500000.0</td><td>0</td></tr>
<tr><td>राजस्व बाँडफाड मौज्दात</td><td>0</td><td>7623213.04</td><td>-7623213.04</td></tr>
<tr><td>विषेश कोष</td><td>0</td><td>87000</td><td>-87000</td></tr>
<tr><td>आन्तरिक आय मौज्दात</td><td>0</td><td>44600</td><td>-44600</td></tr>
<tr><td>जम्मा</td><td>172429169.9</td><td>155192167.9</td><td>17237001.96</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>
बैक हिसाब मिलान नगरेको –
स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले पेश गरेको अनुसार श्रेस्ता अनुसार २०७८
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | असार मसान्तको बाँकी रु.143532640.29 र बैंक स्टेटमेण्ट अनुसार २०७8 असार मसान्तको बाँकी रु.169970344.77 रहि रु.26437704.48 फरक देखिन्छ । नगरपालिकाको चेक साट्न बाँकी विवरण रु.47770248.19 रहेको विवरण पेश गरेकोमा सो फरक सम्बन्धमा कार्यालयले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने । | |

| खाताको नाम | श्रेस्ता अनुसार २०७8 असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७8 असार मसान्तको बाँकी | फरक |
|---|---|---|---|
| सञ्चित कोष | ६२७४७०६६.८६ | ६२७४७०६६.८६ | ० |
| चालु खाता | २८८३९८०.७८ | ८२५६९३४.९७ | 5372954.19 |
| पूँजीगत खाता | ४२५९२२३.९२ | २५३२३९७४.२१ | 21064750.29 |
| धरौटी खाता | ५२१७९५४.७७ | ५२१७९५४.७७ | 0.00 |
| कर्मचारी कल्याण कोष खाता | १३००००० | १३००००० | 0.00 |
| प्रकोप व्य कोष खाता | २७३७७९६ | २७३७७९६ | 0.00 |
| आन्तरिक राजस्व खाता | २०८१५०१ | २०८१५०१ | 0.00 |
| बाडफड बाट पाप्त राजस्व | ४८७७११६४.१६ | ४८७७११६४.१६ | 0.00 |
| आन्तरिक अनुदान खाता | ९६१४९५२.८ | ९६१४९५२.८ | 0.00 |
| विशेष कोष खाता | ४१९००० | ४१९००० | 0.00 |
| स्वास्थ्य सेवा कोष खाता | ५००००० | ५००००० | 0.00 |
| बैदेशिक सहायता अनुदान खाता | ३०००००० | ३०००००० | 0.00 |
| जम्मा | **143532640.29** | **169970344.77** | **26437704.48** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.8256934.97, पुजीगत खर्च खातामा रु.25323974.21 समेत गरी रु.33580909.18 मौज्दात रहेको पाईयो ।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाईएन ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट तथा कार्यक्रम**<br>**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री तारा कुमारी खाती मिति 2077/03/10 गते रु.64 करोड 47 लाख 9 हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति 2077/06/25 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले 2077/6/26 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **चौमासिक खर्चः**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना | |
| चालु खर्चतर्फ | ३३३८३० | ४९४३१ | ५३८२२ | 230577 | १४३६४१ | |
| पूँजिगत खर्चतर्फ | १४१७८१ | १४५० | ४०६१ | 136270 | ९०९७० | |
| जम्मा | ४७५६११ | ५०८८१ | ५७८८३ | 366847 | २३४६११ | |
| प्रतिशत | | १०.६९ | १२.१७ | 77.13 | ४९.३२ | |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.47 करोड 56 लाख 11 हजर निकासा भएकोमा प्रथम चौमासिकमा रु.5 करोड 8 लाख 81 हजार अर्थात 10.69 प्रतिशत, दोश्रो चौमासिकमा रु.5 करोड 78 लाख 83 हजार, अर्थात 12.17 प्रतिशत र तेश्रो चौमासिकमा रु.36 करोड 68 लाख 47 हजार, अर्थात 77.13 प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.23 करोड 46 लाख 11 हजार अर्थात 49.32 प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br>
<table>
<tr><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>आर्थिक विकास</td><td>६१९७३८१०</td><td>४९०८४७७०.७५</td><td>१०.३</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>१७३४१५०००</td><td>९३३६६०५६.९२</td><td>१९.६</td></tr>
<tr><td>सामाजिक विकास</td><td>२९६३८७०००</td><td>२६३८९३३०१.३९</td><td>५५.५</td></tr>
<tr><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१५३०२०००</td><td>९४६७११३</td><td>२</td></tr>
<tr><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>९६३१५३०</td><td>५९८००८०६.७७</td><td>१२.६</td></tr>
<tr><td>जम्मा</td><td>५५६७०९३४०.</td><td>४७५६१२०४८.८३</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा 55.5 प्रतिशत र घटीमा संस्थागत विकास, सेवा प्रवाह र सुशासन 2 प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>खर्च बिश्लेषणः<br>नगरपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.4726530। राजस्व बाँडफाँड र अनुदानबाट रु.615471945। तथा गत बर्षको अल्या समेत रु.782258030। आम्दानी भएकोमा चालु तर्फ रु.३३३८३0289।85 र पूँजिगत तर्फ रु.१४१७८1758।81 तथा अन्य खर्च समेत रु.583696503 खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 0.81 प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.५३ लाख 6 हजार खर्च भएको छ जुन आन्तरिक आयको 112.25 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 56.72 प्रतिशत चालु र 24 प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>

**लक्ष्य प्रगति :**

कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका 728 योजनाको नियम बमोजिमको उल्लेखित ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>७२८</td><td>141781</td><td>0</td><td>100</td><td>200</td><td>42८</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 49 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म 40 जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित 9 पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>

**कर्मचारी करार** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा 70 जना कर्मचारीहरु करारमा राखि रु.85 लाख 19 हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको प्रशासन सहायक पदमा 4 जना करार नियुक्ति गरी बर्षभरीमा रु.1152840। भुक्तानी गरेको अनियमित दिखएको रु.

</td><td>१,१५२,८४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाको गत बर्ष सम्मको रु.1300000। बाहेक यस वर्ष कल्याण कोषमा कुनै पनि रकम ट्रान्सफर गरेको र कोषको संचालन सम्बन्धी पनि कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । | |
| १३ | | | **वडा सचिवको पदपूर्ति :**<br>नगरपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको 10 दरबन्दी भएकोमा 9 पदपूर्ति भई 1 रिक्त भएको देखियो । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **सेवाप्रवाहको स्थिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार 1 वटा ऐन, 4 वटा नियमावली र 6 वटा कार्यबिधि तथा निती मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| **पञ्जिकरणतर्फ** | | |
| जन्मदर्ता | २५५७ | २५५७ |
| मृत्युदर्ता | २०५ | २०५ |
| बसाईसराई दर्ता | ५६ | ५६ |
| विवाह दर्ता | २५३ | २५३ |
| सम्बन्धविच्छेद दर्ता | ० | ० |
| पूर्वाधार विकास सडक निर्माण | नभएको | नभएको |
| कालोपत्रे सडक निर्माण | नभएको | नभएको |
| कालोपत्रे सडक मर्मत | नभएको | नभएको |
| ग्राभेल सडक निर्माण | नभएको | नभएको |
| ग्राभेल सडक मर्मत | नभएको | नभएको |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७8 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १०-50 लाख सम्म</th><th>50 लाख भन्दा बढी</th><th>जम्मा</th></tr>
<tr><td>135</td><td>215</td><td>190</td><td>95</td><td>65</td><td>28</td><td>728</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.30 हजार देखि 1 करोड 50 लाख सम्मका जम्मा 728 वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र 135 वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वयन<br>कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म 1 वटा ऐन, 4 वटा नियमावली, 6 कार्यविधि लगायत 11 वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>न्यायीक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी 1 र यो बर्ष 2 थप गरी 3 वटा मात्र विवाद बाँकी भएकोमा 3 वटै फछ्र्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । साथै आन्तरिक लेखापरीक्षण शाखा समेत गठन गरेको छैन ।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **पदाधिकारी सुविधा**<br>**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु.५३०६५००।० सुविधा वापत भुक्तानी भएको छ । | |

| **विवरण** | **प्रमुख** | **उपप्रमुख** | **वडाअध्यक्ष...१० जना** | **कार्यपालिका सदस्य २०** | **सभाका सदस्य५९** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| बैठक भत्ता | १२००० | १२००० | ८४००० | ८४००० | ४८०००० | ६७२००० |
| यातायात खर्च | ० | १२०००० | ० | ० | ० | १२०००० |
| टेलिफोन,मोबाइल | ८४००० | ७२००० | ३३६००० | २९४००० | ० | ७८६००० |
| पुस्तक,पत्रीका, ईन्टरनेट | ७८००० | ६०००० | ३३६००० | २९४००० | ० | ७८६००० |
| समन्वय तथा सहजीकरण | १२०००० | १०८००० | ५४६००० | ५०४००० | ० | १२७८००० |
| अतिथि सत्कार | १३२००० | १२०००० | ६७२००० | ० | ० | ९२४००० |
| खानेपानी/बिजुली/ सरसफाई | ४८००० | ४२००० | २१०००० | २१०००० | ० | ५१०००० |
| चाडपर्व खर्च | २७५०० | २५००० | १२६००० | ७०००० | ० | २४८५०० |
| जम्मा | ५०१५०० | ५५९००० | २४१०००० | १४५६००० | ४८०००० | ५३०६५००।० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>पोशाक खर्च –<br>76/2078/1/6 सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले स्थानीय तहका पदाधिकारीहरुले यस ऐनले निर्धारण गरेको बाहेक अन्य सुविधा लिन पाउने छैनन् भनी व्यवस्था गरेको छ । तर नगरपालिकाले निम्नानुसारका पदाधिकारीले पोशाक खर्च वापत रु.190000। खर्च लेखेकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>पदाधिकारी</th><th>संख्या</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>नगर प्रमुख</td><td>१</td><td>10000</td><td>10000</td></tr>
<tr><td>नगर उप प्रमुख</td><td>१</td><td>10000</td><td>10000</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>१०</td><td>10000</td><td>100000</td></tr>
<tr><td>कार्यपालिका सदस्य</td><td>७</td><td>10000</td><td>70000</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>190000</td></tr>
</table></td><td>१९०,०००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>आर्थिक सहायता<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले वडा नं.7 मा रु.400000। विपद व्यवस्थापन भनि आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता वितरणमा कार्यविधि तयार गरी वितरण गर्नुपर्दछ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **अनुदान फिर्ता, वितरण र उपयोग**<br>**अनुदान फिर्ता बाँकीः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको छ ।<br>(रु हजारमा) | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी फिर्ता रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २६३५४६ | २३४१७१ | २९३७५ |
| | विषेश | २५६०० | २०५५३ | ५०४६ |
| | समपूरक | २००० | ० | २००० |
| **प्रदेश सरकार** | शसर्त | ५९०२ | ५८७९ | २२ |
| | विषेश | ७००० | ६७२८ | २७१ |
| | समपूरक | १७९४७ | १५८८५ | २०६१ |
| | **जम्मा** | **३२१९९५** | **२८३२१६** | **३८७७५** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>
समपूरक अनुदानः<br>
समपूरक अनुदान सम्बन्धि कार्यविधि, २०७५को दफा ६ मा समपूरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागत मध्ये पचास प्रतिशत नेपालसरकारले अनुदान दिने र बाँकी स्थानिय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सूदुरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा ६ मा समपूरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागत मध्ये चालिस प्रतिशत प्रतिशत प्रदेश सरकारले अनुदान दिने र बाँकी स्थानिय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले समपूरक अनुदान बापत निम्नानुसार योजनामा अनुदान रकम खर्च गरेतापनी नगरपालिकाले आफ्नो लागत साझेदारी गरेको छैन।कार्यविधिको व्यवस्था अनुसार लागत रकमको साझेदारी नगरी समपूरक अनुदान खर्च गरेको रु.9531000। नियमसम्मत नदेखिएको रु<br><br>
(रु हजारमा)
<table>
<tr><th>स्रोत</th><th>योजनामा कुल खर्च रकम</th><th>नगरपालिकाले लागत साझेदारी गर्नुपर्ने रकम</th></tr>
<tr><td>प्रदेश सरकार समपूरक अनुदान</td><td>१५८८५</td><td>९५३१ ( साठी प्रतिशत)</td></tr>
</table>
</td><td>९,५३१,०००</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>
ठेक्का व्यबस्थापनः<br>
सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः<br><br>
(रु.हजारमा)
<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>-</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>26</td><td>91721</td><td>0</td><td>0</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **सवारीसाधन खरिद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले डोजर र टिपर 2 थान खरिदमा रु.71 लाख 50 हजार खर्च गरेको छ । | |
| २६ | | | **आन्तरिक आय**<br>**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष 2077/78 मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च \| आन्तरिक आय \| आन्तरिक आय प्रतिशत<br>449705000 \| 4726530 \| 1.05<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 1.05 प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २७ | | | **राजश्व अभिलेख :**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **रसिद नियन्त्रण खाता नरहेकोः**<br>नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाएको विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नुपर्दछ ।गत वर्षको मौज्दात,यो वर्षको आय,यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नपर्नेमा सो खाता तयार गरेको छैन । आ.व. को अन्तमा फिर्ता गर्नुपर्ने कतिपय रसिद ठेलीहरु फिर्ता आएको छैन । आम्दानीतर्फ प्रयोग गरिने रसिद ठेलीको आय एकिन गरी बैंक जम्मा विवरण राखी श्रेस्ता अद्यावधिक गर्नुपर्नेमा नगरपालिकाले रसिद नियन्त्रण खाता नराखेको कारण एकिन हुन सकेन । नगर पालिकाले यो बर्ष प्राप्त भएको आम्दानी रु.४७२६५३०। को हकमा सवै नगदी रसिद संकलन गरी वास्तविक आय एकिन गर्नुपर्ने देखिन्छ । | |
| २९ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत 9 वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३० | | | **नदिजन्य पदार्थको ठेक्काः**<br>नगरपालिकाको आर्थिक बर्ष २०७७।७८ को आम्दानी रु.४७२६५३०। रहेको छ । आन्तरिक आम्दानीको तुलनामा नगरपालिकाको चालु खर्च तथा पदाधिकारीहरुको खर्च बृद्धि भै रहेको छ ।नगरपालिकाको कार्य क्षेत्र रहेको बुढीगंगा नदीबाट प्राप्त हुने नदिजन्य पदार्थ ढुङ्गा गिट्टि बालुवाको EIA तथा IEE गरी बार्षिक रुपमा प्राप्त हुन सक्ने परिमाण एकिन गरी ठेक्का पट्टाको माध्यमबाट रकम प्राप्त गरी आय श्रोत बढाउन सकिने अवस्था रहेको छ । सो नदीबाट प्राप्त हुने नदि जन्य पदार्थको समयमा नै ठेक्का पट्टा गरी आय श्रोत प्राप्त गर्ने तर्फ नगरपालिकाको ध्यान जानु जरुरी देखिन्छ । | |
| ३१ | | | **सवारी कर :**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष कुनै पनि रकम उठाएको देखिएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **मनोरञ्जन कर :**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०77।78 मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३३ | | | **व्यवसाय कर -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन नगरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३४ | | | **आयकर एवं मू.अ.कर**<br>मु.अ.कर समायोजनः मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) अनुसार ठेक्का वा करार अन्तरगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्विकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ। नगरपालिकाले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयं कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी उपरोक्त बमोजिमको भुक्तानीमा आपूर्तकलाई शतप्रतिशत भुक्तानी दिएको देखिएकोले भुक्तानी भएको निम्नानुसार मु अ कर रु सम्वन्धमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु. | ४,०९७,८५० |

| **शीर्षक** | **गो.भौ.र मिति** | **आपूर्तकको नाम** | **भुक्तानी रकम** | **भुकतानी भएको मु अ कर रकम** |
|---|---|---|---|---|
| नगरपालिका पूँजीगत | १०५/२०७८/१/२१ | समारिका कन्स्ट्रक्सन | ३७०२५३.० | ४२५९५.० |
| | १०७/२०७८/१/२२ | वि.आर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ७२७०९०.० | ६४३४४.० |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | विषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ११८/२०७८/२/१९ | लम्पडा निर्माण सेवा | १५०८५७६.० | १३३५०२.० | | |
| | | | | | ११९/२०७८/२/१३ | समारिका कन्स्ट्रक्सन | ८०२७६९.० | ८०२७६.० | | |
| | | | | | १२४/२०७८/२/२१ | थापा ब्रद्रर्श कन्स्ट्रक्सन कम्पनी | १९८८७६१.० | २१९१६१.० | | |
| | | | | | १२५/२०७८/२/२३ | समारिका कन्स्ट्रक्सन | १२३११७७.० | १४१६३९.० | | |
| | | | | | १९०/२०७८/३/७ | लम्पडा निर्माण सेवा | १८७७०७५.० | २१५९४६.० | | |
| | | | | | २५७/२०७८/३/२५ | अशोक कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २९९५५२९.० | २३००१५.० | | |
| | | | | | २७१/२०७८/३/२५ | समितपिक ईन्जिनियरिङ्ग | ८६६३८७.० | ९८८१०.० | | |
| | | | | | २७४/२०७८/३/२५ | संस्कार निर्माण सेवा | २०८२७०६.० | २२६७१८.० | | |
| | | | | | ३०९/२०७८/३/३० | थापा ब्रद्रर्श कन्स्ट्रक्सन कम्पनी | ३८९५३६७.० | ४४८१३९.० | | |
| | | | | शसर्त पूँजीगत | **18/078/3/27** | के.आर निर्माण सेवा | **2267200** | **294736** | | |
| | | | | | **19/078/3/27** | के.एम कैलाश कन्स्ट्रक्सन | **269900** | **35087** | | |
| | | | | | **21/078/3/2९** | समारिका/जगत जे.भी. | **576331** | **74923** | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | 22/078/3/2९ | समारिका/जगत जे.भी. | 659700 | 85761 | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 23/078/3/2९ | समारिका/जगत जे.भी. | 340000 | 44200 | |
| | | | | 24/078/3/2९ | नाटेश्वरी निर्माण सेवा | 330631 | 42982 | |
| | | | शसर्त चालु | 80/078/2/9 | वी.एन. कन्स्ट्रक्सन एण्ड सम्लायर्स | 1051538 | 136700 | |
| | | | संघिय विशेष | 259/078/3/29 | समारिका कन्स्ट्रक्सन | 5296523 | 688548 | |
| | | | | 260/078/3/29 | समारिका कन्स्ट्रक्सन | 3190538 | 414770 | |
| | | | न पा चालु | 528/078/3/26 | दिपेश ईन्फोसिस 103041483 | 1473648 | 169535 | |
| | | | | 191/077/12/1 | इन्टेल कम्प्युटर सेन्टर 304341568 | 1011915 | 116415 | |
| | | | | 314/078/2/25 | आर.एस.कन्स्टक्सन 303640079 | 349968 | 45495 | |
| | | | | 313/078/2/24 | भास्कर निर्माण सेवा 613555629 | 365790 | 47553 | |
| | | | जम्मा | | | | 4097850 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **उपभोक्ता समिति मार्फत कार्य**<br>**लागत सहभागिता —** नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३६ | | | **सशर्त कार्यक्रम शिक्षा तर्फ**<br>**शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठन पाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका 164 सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र 163 पदपूर्तिको भएको र 6754 विद्यार्थीको संख्या रहेको देखिन्छ ।दुई विद्यालयमा शिक्षक दरबन्दि शुन्य रहेको एक विद्यालयमा २ दरबन्दि भए पनि विद्यार्थि सङ्ख्या शुन्य रहेको देखियो । यसरी शुन्य विद्यार्थि भएको विद्यालयलाई नजिकको विद्यालयमा समायोजन गरेमा आर्थिक भारमा कमी हुने र विद्यालयको शैक्षिक पाटो पनि सुधार गर्न सहज हुने देखिन्छ । दरबन्दी कम भएका विद्यालयमा दरबन्दि बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |
| ३७ | | | **दिवा खाजाः**<br>१५४।०७८।३।१९ कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम समयमा नै निकासा गरी विद्यार्थिले दिवा खाजा प्राप्त गर्ने अवस्था सुनिस्चित गर्नुपर्दछ । नगरपालिकाले आर्थिक बर्षको अन्तमा २०७७ मंसिर पौष र चैत्रको गरी विभिन्न विद्यालयको खातामा रु ३२०४१९५। दिवा खाजा वापतको रकम निकासा गरेकोले निर्देशिका वमोजिम विद्यालय सञ्चालन भएको दिन विद्यार्थिको उपस्थिति हाजिरी र विद्यार्थिले रकम/ खाजा प्राप्त गरे नगरेको सोको अनुगमन प्रतिवेदन प्राप्त गर्नुपर्ने रु | ३,२०४,१९५ |
| ३८ | | | **विद्यालय अनुदानः÷**<br>१५६।०७८।३।१९ कार्यक्रम कार्यान्वयन निर्देशिका २०७7।७8 अनुसार विद्यालय लाई दिने अनुदान एकीन संख्याका आधारमा अनुदान दिई नगरपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रमका लागि सि यु जि सेवाको शिर्षकबाट कक्षा ४ देखि १२ कक्षा सम्मका विद्यार्थिलाई प्रति विद्यार्थि १२५ का दरले ३ महिनाको २४ विद्यालयलाई रु १७४६३७५। निकासा दिएको देखियो ।नगरपालिकाबाट गएको अनुदानको अनुगमन गरेको देखिएन । यसरी अनुदान अनुसार कार्य भए नभएको अनुगमन गरी प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु | १,७४६,३७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **नगरपालिका पूँजिगततर्फ**<br>**निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टारको गुणस्तर परीक्षण तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन । यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ। | |
| ४० | | | **बीमा गराउनुपर्नेः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन् । निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ । | |
| ४१ | | | **खरिद सम्झौताको म्याद थपः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा सम्झौताको म्याद सकिनु एक्काईस दिन अगावै सम्बन्धित ठेकेदार तथा फर्मले कारण खुलाई अवधि थपको लागी निवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । देहाय बमोजिमको सम्झौताको निम्नानुसार मितीमा अवधि समाप्त भएको तर सम्झौता बमोजमिको कार्यसम्पन्न नभएकोमा, निर्माण व्यवसायी तथा फर्मले सम्झौता अवधि थपको लागि निवेदन पेश गरेको छैन । तोकिएको समयमा अवधि थपको निवेदन पेश नगरेको तथा सम्झौता अवधिमा कार्यसम्पन्न नगरेको कारण, कार्यालयले निर्माण व्यवसायी तथा फर्मलाई नियमानुसार हर्जना लगाई सम्झौता बमोजिमको कार्यसम्पन्न गराउनुपर्दछ। | |

| ठेक्का सम्झौता | निर्माण व्यवसायी तथा फर्म | सम्झौता रकम (मू.अ.कर समेत) | अवधि समाप्त हुने मिती |
|---|---|---|---|
| चौडिक माल्टा सेरेड्डु सडक निर्माण | वि.आर.एस्.कन्स्ट्रक्सन | ७४०७५२५.५ | २०७८/३/१५ |
| फालासैन नुवाघर कोरालबाडा सडक निर्माण | समारिका कन्स्ट्रक्सन | १८६०८९५.० | २०७८/१/३० |
| नगरपालिका भवन तला थप | समिट पिक ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | ११२९१६६.० | २०७८/२/३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **मू.अ.कर बढी भुक्तानीः**<br>११९/२०७८/२/२३, कार्यालयले फालासैन नुवाघर कोरालबाडा सडक निर्माणको दोश्रो रनिङ्ग बिल बापत रु ८०२७६९.० को कार्य मापन गरेको छ । सो रकमको १३ प्रतिशतले मू.अ.कर रु १०४३५९.९ हुन आउनेमा, सो सडक निर्माण गर्ने फर्म समारिका कन्स्ट्रक्सनले रु १७०६०८.२ मूल्य अभिवृद्ध कर जोडी रु ९७३३७७.२ को बिजक जारी गरेको र कार्यालयले सोही बमोजिम भुक्तानी गरेको छ । त्रुटिपुर्ण बिजक जारी गरी, बढी मू.अ.कर भुक्तानी लिएको रु ६६२४८.० सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने रु | ६६,२४८ |
| ४३ | | | **बिल पेश नभएकोः**<br>२५७/२०७८/३/२३, कार्यालयले स्वास्थ्य नडान सडक निर्माण बापत अशोक कन्स्ट्रक्सन एण्ड सप्लायर्स रु २८३०५२०.० भुक्तानी गरेको छ । सो योजनाको कार्यसम्पन्न प्रतिवेदन अनुसार प्रोभिजनल सम अन्तर्गत सामग्रीको गुणस्तर परीक्षण बापत रु ३००००.० र बिमा बापत रु ३०५००.० गरी रु ६०५००.० भुक्तानी भएकोमा, सोको बिल निर्माण व्यवसायीले पेश नगरेकोले, सो बापतको बिल पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ६०,५०० |
| ४४ | | | **बढी भुक्तानीः** | |
| ४४.१ | | | २८९/२०७८/३/२७, कार्यालयले बाम्कादेखि नगरपालिका सडक निर्माण ( चेनेज ०+०५० देखि ०+१५०) बापत समिट पिक ईन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई रु.१७३६३६७.० ( पेश्की,धरौटी र अग्रिम करकट्टी पश्चात्त) भुक्तानी गरेको छ । योजनाको कार्यसम्पन्न रु.२०१३७८८.६ को प्रमाणित भएकोमा, सो रकमा पेश्की फछ्र्योट बापत रु.२५००००.०, धरौटी बापत रु.१००६८९.० र अग्रिम कर बापत रु.२४०५८.० कट्टी गर्दा निर्माण व्यवसायीलाई रु.१६३९०४१.० भुक्तानी हुनुपर्नेमा बढी भुक्तानी भएको रु.९७३२६.० सम्बन्धितबाट असुल गर्नुपर्ने रु | ९७,३२६ |
| ४४.२ | | | त्यसैगरी सडक निर्माणको अन्तिम बिल भुक्तानीमा सामग्रीको प्रभिजनल सम बापत गुणस्तर परीक्षणको लागी रु.२५०००.० भुक्तानी भएकोमा, सोको बिल उक्त फर्मले पेश नगरेकोले, गुणस्तर परीक्षण बापतको बिल पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | २५,००० |
| ४५ | | | **पूर्व निर्धारित क्षतिपूर्तिः**<br>१२५/२०७८/२/२३, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा तोकिएको समयमा कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई प्रति दिन ०.०५ प्रतिशतका दरले सम्झौता रकमको पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।कार्यालयले मालिका सिगाडासम्म सडक निर्माणको लागि समारिका कन्स्ट्रक्सनसँग मिती २०७७/११/१७ मा रु.२१०९४५१.० मा सम्झौता गरेको छ।खरिदको सम्झौता अनुसार निर्माण व्यवसायीले मिती २०७८/३/१० मा कार्यसम्पन्न गर्नुपर्नेमा, कार्यसम्पन्न प्रतिवेदन अनुसार मिती २०७८/३/२३ मा निर्माण व्यवसायीले कार्यसम्पन्न गरेको छ।निर्धारित भन्दा १३ दिन ढिला गरी कार्यसम्पन्न गर्ने निर्माण व्यवसायीलाई प्रति दिन ०.०५ प्रतिशतका दरले रु.१३७७१.० पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु | १३,७७१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **चौढिक माल्टा सेरेडु सडक निर्माणः** | |
| ४६.१ | | | ३०८/२०७७/७/४, कार्यालयले चौढीक माल्टा सेरेडु सडक निर्माणको लागी (ठेक्का नः BM/BAJURA/NCB/w/076-77) रु.७९९८१६२.८ (मू.अ.कर समेत) मा कार्यसम्पन्न गर्ने गरी मिती २०७७/३/१४ मा थापा ब्रद्रर्श कन्ट्रक्सन कम्पनीसँग सम्झौता गरेको छ । सम्झौता अनुसार सडक निर्माणको कार्य सम्पन्न मिती २०७७/८/३० मा सम्पन्न गर्नुपर्नेमा, कार्यालयको मिती २०७७/८/२८ को पत्रले सम्झौता अवधि मिती २०७७/९/३० सम्म थप भएको छ।कार्यसम्पन्न प्रतिवेदन अनुसार मिती २०७७/१०/२८ मा निर्माण व्यवसायीले कार्यसम्पन्न गरेको छ। निर्धारित भन्दा २८ दिन ढिला गरी कार्यसम्पन्न गर्ने निर्माण व्यवसायीलाई, प्रति दिन ०.०५ प्रतिशतका दरले रु.११२०००.० पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु | ११२,००० |
| ४६.२ | | | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११(१ङ) मा सार्वजनिक निकायले गुणस्तर पक्षको निरिक्षण र परिक्षणको व्यवस्था गर्नुपर्दछ।कार्यालयले सडक निर्माणमा लागी कल्भर्ट बनाउन, आर.सि.सि स्ट्रक्चर,रिईन्फोर्समेन्ट, ग्याबिन जाली बुन्न ग्यबिन तरको परिक्षण तथा ढुँगाको पर्खाल लगायतको गुणस्तर परीक्षणको व्यवस्था नगरेको र निर्मीत संरचनाको गुणस्तर परीक्षणबिना कार्यस्वीकर गरेको छ । स्थलगत अनुगमनका क्रममा कल्भर्टको Approach र Long Approach RCC Wing wall, Main Structure सँगको सपोर्टबिना निर्माण भएको कारण, Long Appraoch RCC wall बर्षाले लडेको छ भने अन्य समेत जोखिमपुर्ण अवस्थामा रहेको छ । निर्मित अन्य Stone Masonary, Gabion Wall, Drainage Structure लगायतका संरचना समेत गुणस्तरीय नभएकोले बर्षातले क्षतीग्रस्त भएको छ । निर्माण व्यवसायीको त्रुटीको कारण क्षती भएको बापत भुक्तानी भएको रु.२२८१००.० बराबरको संरचना तथा क्षति भएका अन्य संरचनासमेत पुनः निर्माण गर्न लगाईनुपर्ने अन्यथा निजको धरौटी, कार्यसम्पादन जफत गरी कानुन बमोजिम कारबाही गरिनुपर्ने रु | २२८,१०० |
| ४६.३ | | | कार्यालयले निर्माण व्यवसायीलाई अन्तिम बिलसम्मको भुक्तानीमा प्रोभिजनल सम बापत बिमा तथा गुणस्तर परीक्षण बातप रु ९५०००.० भुक्तानी गरेकोमा, सोको बिल निर्माण व्यवसायीले पेश गरेको छैन भने गुणस्तर परीक्षणको रिपोर्ट समेत नभएकोले, सो बापत भुक्तानी रकम असुल गर्नुपर्ने रु | ९५,००० |
| ४७ | | | **उपभोक्ताको बिलः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७.१ | | | १८/२०७७/१२/१, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले सराप्ला सडक निर्माणको लागी उपभोक्ता समितीलाई रु.६७२०००.० भुक्तानी गरेको छ।सो योजनाको कार्यसम्पन्न प्रतिवेदन अनुसार उपभोक्तालाई २७ जाली (१.५*१*१) बुन्ने र भर्ने कार्यका लागी रु.४२७५.३ का दरले रु.११५४३२.० भुक्तानी गरेकोमा, उपभोक्ताले १८ जालीको मात्र बिजक पेश गरेको छ । कार्यसम्पन्न परिमाण भन्दा ९ जाली घटी खरिद भएकोले, सोको बिजक पेश हुनुपर्ने अन्यथा सो बापत भुक्तानी भएको रु ३८४७७.० सम्बन्धि उपभोक्ताबाट असुल गर्नुपर्ने रु | ३८,४७७ |
| ४७.२ | | | २२१/२०७८/३/२०, कार्यालयले पशुपती मा.वि घेरबार निर्माण बापत उपभोक्ता समितीलाई रु १४२८०००.० भुक्तानी गरेको छ।योजनाको कार्यसम्पन्न अनुसार घेरबार निर्माणको लागी १६२ वटा एङ्गल पोल प्रयोग भएको मापन भएकोमा, सोको १३७ वटा खरिदको मात्र बिजक पेश भएको छ । बिजक पेश नभएको २५ एङ्गल पोल को बिजक पेश हुनुपर्ने अन्यथा सो बापत प्रति पोल रु ४०६. ० को दरले भुक्तानी भएको रु १०१५०.० सम्बन्धित उपभोक्ताको योगदानको अंश कट्टा गरी असुल गर्नुपर्ने रु | १०,१५० |
| ४७.३ | | | १२/२०७८/३/३०, प्रदेश हस्तान्तरित कार्यक्रम अन्तर्गत कार्यालयले सेनचौर खेलमैदान निर्माणको लागी उपभोक्ता समितीलाई रु ३३३५०००.० भुक्तानी गरेको छ।कार्यसम्पन्न अनुसार मेशिनद्वारा मैदान खन्ने र पुर्ने कार्यको लागी १३७५८७.० को कार्य मापन भई सोही बमोजिम रकम भुक्तानी भएकोमा, उपभोक्ताद्वारा सोको बिल/बिजक पेश गरेको छैन।बिल/बिजकबिना भुक्तानी भएको रकमको बिल/बिजक पेश हुनुपर्ने अन्यथा उपभक्ताको योगदान अंश कटाई सम्बन्धितबाट असुल हुनुपर्ने रु | ३७,५८७ |
| ४८ | | | **हाजिरी प्रमाणितबिना तलब भुक्तानीः**<br>६९/२०७८/१/५, कार्यालयले कोभिड अस्पतालमा कार्य गर्ने गरी नियुक्त गरिएका मेडिकल अधिकृत रवि लामिछानेलाई चैत्र महिनाको तलब भत्ता बापत रु ११००००.० भुक्तानी गरेको छ । तलब भत्ता भुक्तानीमा हाजिरी प्रमाणित गरिएको छैन भने अतिरिक्त भत्ता बापत भुक्तानी भएको रु २७२४०.० को सम्बन्धमा अतिरिक्त भत्ता भुक्तानीको मापदण्ड करार सम्झौतामा उल्लेख गरेको छैन।हाजिरी प्रमाणित नगरी तलब/भत्ता भुक्तानी भएको प्रमाण पेश गर्नुपर्ने रु | ११०,००० |
| ४९ | | | **पूर्ण सरसफाई कार्यक्रमः**<br>२७५/२०७८/३/२६, कार्यालयले पाईप खरिद तथा पूर्ण सरसफाई कार्यक्रम बापत वडा सचिव अनुप चौधरीलाई रु.१९७२५९.० भुक्तानी गरेको छ।संलग्न फाँटवारी अनुसार, पूर्ण सरसफाई कार्यक्रमको लागी १० जनालाई १० दिन खटाई दिनको रु.१०००.० को दरले रु.१०००००.० भुक्तानी गरेकोमा, निजहरुले कार्य गरेको प्रमाणित विवरण पेश भएको छैन भने कार्यक्रम संचालनको प्रमाण पेश भएको छैन । खर्च पुष्टिको आधार प्रमाणबिना भुक्तानी भएको सम्बन्धमा आवश्यक छानबिन गरी वास्तविकताको आधारमा भुक्तानी गरिनुपर्ने रु | १००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **श्रेस्ता पेश नभएकोः**<br>कार्यालयले समपूरक कोष तथा नगरपालिका पूँजिगत अन्तर्गत देहायका खानेपानी उ.स लाई रु.2837573। भुक्तानी गरेकोमा, सोको श्रेस्ता लेखापरीक्षणको बखतमा पेश नभएकोले, खर्चको यथार्थता यकिन गर्न नसकीएको रु | १,६५७,४४४ |
| ५१ | | | **बोलपत्रको पूर्णताको परीक्षण तथा मूल्याङ्कनः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० मा बोलपत्रको पूर्णताको परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ भने नियम ६१ मा बोलपत्रको मूल्याङ्कन तथा तुलना गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यालयले देहायका वडा कार्यालय भवन तथा सडक निर्माणको लागी मिती २०७७/१०/२५ मा सूचना जारी गरी बोलपत्र आह्वान गरी निम्नानुसारको फर्मको बोलपत्र स्वीकृत गरेको छ । कार्यालयले नियमावलीको व्यवस्था अनुसार कार्यालयमा पेश भएका बोलपत्रहरुको पूर्णताको परीक्षण गरेको छैन भने बोलपत्र मूल्याङ्कनको निर्णय समेत पेश नभएकोले, स्वीकृत भएको बोलपत्र न्यूनतम कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही रहेको यकिन गर्न सकिएन । साथै ठेक्का सम्झौताको बखत स्वीकृत बोलपत्रदाताले डिफेक्ट लायबिलिटिज को अवधि भन्दा एक महिना बढी अवधिको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा, बोलपत्रदाताले सो गरेको छैनन्। | |

| भौ.नं/मिती | उपभोक्ता समिती/योजना | भुक्तानी रकम |
|---|---|---|
| १३४/२०७८/३/२४ | थुमा मा.वि भवन निर्माण उ.स | ५७८७००.० |
| २८४/२०७८/३/२७ | लम्पडा निर्माण सेवा बाम्का नगरपालिका सडक | १०७८७४४.० |
| जम्मा | | 1657444 |

| **योजनाको नाम** | **स्वीकृत बोलपत्रदाता** | **सम्झौता मिती** | **सम्झौता रकम** |
|---|---|---|---|
| वडा नं ४ वडा कार्यालय भवन निर्माण | लम्पडा निर्माण एवम् ढुवानी सेवा | २०७७/१२/३१ | ६३७२३२८.० |
| वडा नं ५ वडा कार्यालय भवन निर्माण | थापा ब्रदर्श कन्स्ट्रक्सन | २०७७/१२/३१ | ६४२७०४६.० |
| वडा नं ६ वडा कार्यालय भवन निर्माण | लम्पडा निर्माण एवम् ढुवानी सेवा | २०७७/१२/३१ | ५९१७८६४.० |
| वडा नं ७ वडा कार्यालय भवन निर्माण | के.आर.निर्माण सेवा | २०७७/१२/२५ | ६९२८८५९.० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा नं १ वडा कार्यालय भवन निर्माण | थापा ब्रदर्श कन्स्ट्रक्सन | २०७७/१२/१९ | ६१२०८५९.० | | |
| | | | | वडा नं ८ वडा कार्यालय भवन निर्माण | समिट पिक ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | २०७७/१२/२५ | ६५३६२१९.० | | |
| | | | | वडा नं १० वडा कार्यालय भवन निर्माण | समिट पिक ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | २०७७/१२/२५ | ६४९८७२०.० | | |
| | | | | बाम्कादेखि न पा सडक निर्माण (BM/BAJURA/NCB/W/8/077-78) | समिट पिक ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | २०७७/१२/९ | १९१७२०२.० (मू.अ.कर बाहेक) | | |
| | | | | बाम्कादेखि न पा सडक निर्माण (BM/BAJURA/NCB/W/9/077-78) | लम्पडा निर्माण एवम् ढुवानी सेवा | २०७७/१२/१० | ६५५५७८९.० (मू.अ.कर बाहेक) | | |
| | | | | मालिका सिगाडासम्मको सडक निर्माण | समारिका कन्स्ट्रक्सन | २०७७/११/१७ | २१०९४५१.० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **जग्गा प्राप्तिः** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३(२) बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गर्दा मुआब्जा रकम निर्धारण गर्न प्रमुख जिल्ला अधिकारीसमेतको तोकिएका पदाधिकारीहरु रहेको समिति रहने र सोही समितीले निर्धारण गरेको मुआब्जा रकम बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गरेबापत सम्बन्धित जग्गाधनीलाई मुआब्जा भुक्तानी गर्नुपर्दछ।कार्यालयले देहायको प्रयोजनार्थ जग्गा प्राप्ति गर्दा सम्बन्धित जग्गाधनिलाई रकम भुक्तानी गरेकोमा,सोको लागी उपरोक्त समितीले मुआब्जा निर्धारण नगरी वडा अध्यक्षको संयोजकत्वको समितीको निर्णयको आधारमा रकम भुक्तानी गरेको छ।सोको लागी ऐन को दफा १६ अनुसार मुआब्जा निर्धारण गर्दा विचार राख्नु पर्ने कुराहरु पालना नगरी निर्णय भएकोले, ऐनको व्यवस्था पालना नगरी जग्गा प्राप्ति बापत भुक्तानी भएको रु ९०००००.० नियमसम्मत नदेखिएको रु | ९००,००० |

| भौ.नं/मिति | प्रयोजन | जग्गा धनी | रकम |
|---|---|---|---|
| २४७/२०७८/३/२२ | वडा नं ३ भवन निर्माण | शेर बहादुर अधिकारी | ९०००००.० |
| जम्मा | | | ९०००००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **धरौटी श्रेस्ता अद्यावधिक नभएकोः**<br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६८ (१) प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोवारको लेखा अनुसूची–१० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची–११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्नेछ । धरौटी रकमको छुट्टै बैङ्क नगदी किताब समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नु पर्ने, प्रत्येक कार्यालयले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटीको मास्केवारी महिना भुक्तान भएको मितिले सात दिनभित्र र धरौटीको आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको पैतीस दिन भित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित मन्त्रालय वा विभागमा पठाउनु पर्ने व्यवस्था भएकोमा कार्यालयले धरौटीको खाता अद्यावधिक गरेको देखिएन । धरौटीको गोश्वारा तथा व्यक्तिगत खाता तयार नगरेको तथा यो बर्ष प्राप्त भएको धरौटीको आम्दानी बाँधी श्रेस्ता तयार गर्नुपर्ने देखिन्छ । | |
| ५४ | | | **हिसाव मिलान गर्नुपर्नेः-**<br>धरौटीको वित्तिय विवरण वमोजिम गत बर्षको समेत रु.14411464। धरौटि आम्दानी भएकोमा यो बर्ष रु.2108832। फिर्ता भै बाँकी रु.12202632। रहेको छ । बैंक विवरण २०७८ आषाढ मसान्तमा रु.5217954। मात्र देखिएकोले श्रेस्ता भन्दा बैंकमा रु.7084678। कम देखिएकोमा के कति कारणबाट घटी भएको हो सोको छनविन गर्नुपर्ने रु. | ७,०८४,६७८ |
| ५५ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट 4 प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व 2077/78 मा कन्टीन्जेन्सी बापत रु.28 लाख 33 हजार खर्च गरेको छ । | |
| ५६ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ५७ | | | **नाफामूलक संस्थालाई अनुदान –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।कार्यालयले जनकल्याण बहुउद्देश्यीय सहकारी संस्था लि. लाई भवन निर्माणको बापत रु.१००००००.० भुक्तानी गरेको छ।सरकारी श्रोतको रकम नाफामूलक संस्थालाई उपलब्ध गराउन मिल्ने देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **संघिय सरकार सशर्त पूँजीगत**<br>**दायित्व सिर्जना रकम दाखिला नगरेकोः**-स्थानीय सरकार सञ्चालन ऐन,2074 को दफा 73 मा सभाबाट स्वीकृत भएको बजेट खर्च गर्ने कार्यविधि उल्लेख गरेको छ । ऐनको मनसाय वमोजिम स्वीकृत बजेटको परिधिभित्र रही खर्च गर्ने र सोको श्रेस्ता अद्यावधिक गरी राख्नु पर्दछ । नगरपालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रममा विभिन्न समयको दायित्व सिर्जना गरिएको रु.716271। बरावरको धरौटी,अग्रिम कर, बहालकर लगाएत दायिवत्वहरु खर्च गदकै सयममा दाखिला नगरी दायित्वमा नै रही रहेको छ । विभन्न समयमा सिर्जना गरिएको दायित्व रकम दाखिला गर्न बाँकी रहेको रु. | ७१६,२७१ |
| ५९ | | | **हर्जाना असूल गर्नुपर्नेः** | |
| ५९.१ | | | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१(क) मा तोकिएको म्याद भित्र कार्य सम्पादन नगरेमा ठेक्का अंकको प्रति दिन 0.05 प्रतिशतका दरले हर्जाना लाग्ने व्यवस्था गरेको छ । शारदा माविको भवन निर्माण कार्यको अवधि मिति 2077/7/28 सम्म रहेकोमा हाल सम्म म्याद थप गरिएको छैन । आर्थिक बर्षको अन्त सम्म कार्यसम्पन्न नभएको र म्याद थप समेत नभएकोले 18/078/3/27 मा म्याद थप विना रु.2561935। भुक्तानी भएको छ । ठेक्काको म्याद भन्दा २४० दिन ढिला गरी भएको भुक्तानीमा ठेक्का अंक रु.2982580। को अधिकतम 10 प्रतिशतका दरले हुने रु.298258। हर्जाना असूल गर्नुपर्ने रु. | २९८,२५८ |
| ५९.२ | | | सोही विद्यालयको भवन निर्माण कार्यमा के.आर. निर्माण सेवाले कार्य सम्पन्न नगर्दै पुनः सोही भवनमा के एम.कैलाश कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्ससँग ठेक्का सम्झौता गरेको छ । एक आर्थिक बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन गर्नपर्नेमा अर्को आर्थिक बर्षको लागि दायित्व सार्ने गरी ठेक्का लगाएको तथा पहिलो कार्य सम्पन्न नगरी पुनः सोही भवनमा रु.3343398। को ठेक्का लगाएको कारण निर्माण कार्यमा दोहोरो भुक्तानी हुने सम्भावना रहन्छ । नगरपालिकाले नियमानुसार एक कार्यको कार्य सम्पन्न गरी आर्थिक बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>
दायित्व सार्ने गरी ठेक्का लगाएको:-<br>
स्वीकृत बार्षिक कार्यक्रम र बजेटको आधारमा सालबसाली कार्यक्रमहरु आर्थिक बर्षको अन्तमा कार्यसम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ । नगरपालिकाले यो बर्ष स्वास्थ्य भवन निर्माण अन्तरगत आर्थिक बर्षको अन्तमा ठेक्का सम्झौता गरी देहाय बमोजिमको कार्यमा अर्को आ वमा दायित्व सार्ने गरी ठेक्का लगाएको छ । समयमानै निकासा प्रकृया अपनाई आ वको अन्तमा कार्य सम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।
<table>
<tr><th>सि नं</th><th>कार्य</th><th>सम्झौता</th><th>ठेक्का अवधि</th><th>ठेक्का अंक भ्याट बाहेक</th><th>यो बर्ष भुक्तानी</th></tr>
<tr><td>१</td><td>वडा नम्बर ८ को स्वास्थ्य भवन</td><td>२०७८।३।७</td><td>२०७८।७।१५</td><td>११५९९८७</td><td>६५१२६१</td></tr>
<tr><td>२</td><td>वडा नम्बर ७ को स्वास्थ्य भवन</td><td>२०७८।३।७</td><td>२०७८।७।१५</td><td>१४४७४४२</td><td>३८४२०६</td></tr>
<tr><td>३</td><td>वडा नम्बर ४ को स्वास्थ्य भवन</td><td>२०७८।३।७</td><td>२०७८।७।१५</td><td>१४१६५६१</td><td>७४५४६०</td></tr>
<tr><td>४</td><td>वडा नम्बर १ को स्वास्थ्य भवन</td><td>२०७८।१।२३</td><td>२०७८।३।१५</td><td>७१८२८४</td><td>३७३६१२</td></tr>
</table>
वडा नम्बर १ को स्वास्थ्य भवनको हकमा सार्वजिनक खरिद नियमावली बमोजिम म्याद थप मात्र गरेको तथा म्याद थप गर्नु पर्नाको कारण समेत उल्लेख गरी म्याद थप गर्नुपर्नेमा सो बमोजिम म्याद थप गरेको छैन ।
</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>
प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजीगत<br>
कार्य सम्पन्न पेश गर्नुपर्ने: स्वीकृत कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम आर्थिक बर्षको अन्तसम्म कार्य सम्पन्न गर्ने गरी विद्यालयको भौतिक निर्माण तर्फको रकम निकासा गर्नुपर्दछ । नगरपालिकाले देहायका विद्यालयलाई भौतिक निर्माण तर्फ गरेको निकासा रकम रु६८२५४२०। को कार्य सम्पन्न पेश गर्नुपर्ने रु
<table>
<tr><th>विद्यालय</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>नमुना आधारभूत विद्यालय</td><td>४ कोठे भवन</td><td>३३९३५२०</td></tr>
<tr><td>भगवती मावि</td><td>४ कोठे भवन</td><td>३४३१९००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६८२५४२०</td></tr>
</table>
</td><td>६,८२५,४२०</td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **अग्रिम कर असुल गर्नुपर्नेः**<br>आयकर ऐन२०५८ को दफा ८९ मा उपभोक्ता समितिसँग भएको कार्यमा रु५० लाख भन्दा माथिको कार्यक्रममा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ताप्रिसेरा घट्टेखोला तटवन्धन उपभोक्ता समितिसँग आर्थिक बर्षको अन्त मिति २०७८।३।१४ मा सम्झौता गरी गरेको रु ५००००००। को कार्यमा १.५ प्रतिशतले रु ७५०००। अग्रिम कर कट्टा गर्नुपर्नेमा रु २८९४१ मात्र कट्टा गरेकोले नपुग कर रु ४६०५९ असुली गरी दाखिला गर्नुपर्ने रु | ४६,०५९ |
| ६३ | | | **सुरक्षित नागरिक आवास कार्यक्रमः**<br>२३७।०७८।३।२५ नगरपालिकाले आर्थिक बर्षको अन्तमा ११९ परिवारलाई सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत रु २१५२०००। रकम उपलव्ध गराएको छ । निर्देशिका बमोजिम सम्बन्धित परिवारले आवास वनाए नवनाएको अनुगमन गरी सोको कार्य सम्पन्न पेश गर्नुपर्ने रु | २,१५२,००० |
| ६४ | | | **संघिय सरकार शसर्त अनुदान चालु**<br>**शर्त विपरित भुक्तानीः**- ५६।०७७।१२।२५ सशर्त कार्यक्रम फलफूल दशक अन्तरगत स्थानीय तहमा ओखर विरुवा रोपण अभियान (50 प्रतिशत अनुदान) कार्यक्रममा नगरपालिकाले लम्की स्मार्ट एग्रो प्रालि कैलाली सँग सम्झौता गरी प्रति विरुवा ४९५ का दरले २८४२ वटा विरुवा रु.१४०६७९०। मा खरिद गरी विना अनुदान वितरण गरेको देखियो । शसर्त कार्यक्रम शीर्षकमा आएको रकमलाई शर्त अनुसार नै खर्च गर्नुपर्नेमा 50 प्रतिशत अनुदान नराखी वितरण गरेको देखियो ।कृषकबाट ५० प्रतिशत अनुदान बमोजिम भएको कार्यको प्राविधिक मूल्याङ्कन हुनुपर्दछ । | |
| ६५ | | | **संघिय हस्तान्तरणः**<br>१३०/2078/3/15 नगरपालिकाको प्राविधिक मूल्याङ्कन अनुसार प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तरगत महेन्द्र माविमा घेरवारको सुख्खा ढुङ्गाको पर्खाल लगाउने कार्यमा प्रति घनमिटर रु.2533.66 राखी लागत अनुमान तयार गरेकोमा अन्तिम विल तथा कार्य सम्पन्न प्रतिवेदनमा प्रति घन मिटर रु.3083.66 राखी 189.93 घनमिटरको रु.104461। बढी भुक्तानी भएको देखिएकोले सो रकम असुल गर्नुपर्ने रु. | १०४,४६१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६</td><td></td><td></td><td>नगरपालिका चालु<br>विल भर्पाई वेगर खर्चः नगरपालिकाले विभिन्न सडकहरुको मर्मतका लागि उपभोक्ता समितिसँग सम्झौता गरी ठेकेदारबाट काम गराई भुक्तानी भएको देखियो । देहायका योजनामा मेसिनको दर राखी उपभोक्ता समितिबाट काम गराएकोमा विल भर्पाई नराखि भुक्तानी भएकोले विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं मिति</th><th>योजनाको नाम</th><th>भुक्तानी पाउने</th><th>कार्य सम्पन्न</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>५३।०७७।९।२८</td><td>वडा नं ४ ५ ६ मा सडक मर्मत उ स</td><td>ध्रुव बहादुर शाह</td><td>६०६८२७।९८</td><td>४८५२८०</td></tr>
<tr><td>५२।०७७।९।२८</td><td>शेरा बसाली हुदै हातेलेख सम्मको कृषि सडक मर्मत उ स</td><td>कृष्ण बहादुर थापा</td><td>७१७८७९।३८</td><td>५६६४००</td></tr>
<tr><td>१८४।०७७।१२।१</td><td>वडा न ७ पहिरो र सडक सरसफाई उ स</td><td>ध्रुव बहादुर शाह</td><td>६४८७८७।४३</td><td>५१३६००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>1565280</td></tr>
</table></td><td>१,५६५,२८०</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>५९४।०७८।३।३०<br>५९४।०७८।३।३० नगरपालालिकाको बार्षिक कार्यक्रम अनुसार जनतासँग नगरप्रमुख कार्यक्रम शिर्षकबाट नगरपालिका भित्रका दलित विपन्नलाई खानेपानी तथा सरसफाईका लागि खानेपानीको HDEP पाईप 20 mm/10 kg को १०५० मिटर पाईप रु ४९६५५०।२५ मा खरिद गरी वितरण गरेको देखियो । यसरी खरिद भएका पाइप दलित नेटवर्क मार्फत विभिन्न व्यक्तिलाई बुझाएको भनि खर्च गरेको देखियो । वितरण गरिएका सामान सार्वजनिक स्थानमा प्रयोग भएपछि प्रयोजन खुलाई कार्य सम्पन्न प्रतिवेदन तयार हुनुपर्नेमा सो को कार्य सम्पन्न प्रतिवेदन पेश भएको देखिएन । खरिद भएका सामानहरु जिन्सी आम्दानी जनाई प्रयोग भएको आधारमा कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>४९६,५५०</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>हर्जाना असूल गर्नुपर्नेः-<br>१४१। ०७८।३।१७ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१(क) मा तोकिएको म्याद भित्र कार्य सम्पन्न नगरेमा ठेक्का अंकको प्रति दिन 0.05 प्रतिशतका दरले हर्जाना लाग्ने व्यवस्था गरेको छ । ठेक्का नम्बर TB01-2076/77 TB02-2076/77 steel parts febrication & supply STTB कार्यको लागि मालिका इन्जिनियरिङ्ग एण्ड मेकानिकल वर्क्स प्रालि लाई २०७७।३।२१ मा २०७७।६।२१ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा म्याद थप सम्बन्धि २०७७ चैत्र महिनामा पत्र पठाए पनि म्याद थप गरेको देखिएन । उक्त सम्लायर्सले मिति २०७७।१२।२९ मा कार्य सम्पन्न भई विजक पेश गरेकोमा म्याद थप विना रु.२३३६२९४। भुक्तानी भएको छ । ठेक्काको म्याद भन्दा १८८ दिन ढिला गरी सामान आपूर्ति भएकोले ठेक्का अंकको प्रति दिन 0.05 प्रतिशतका दरले हुने रु.2१९६१२। हर्जाना असूल गर्नुपर्ने रु.</td><td>२१९,६१२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **५६४।०७८।३।२७**<br>५६४।०७८।३।२७ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१(क) मा तोकिएको म्याद भित्र कार्य सम्पन्न नगरेमा ठेक्का अंकको प्रति दिन 0.05 प्रतिशतका दरले हर्जाना लाग्ने व्यवस्था गरेको छ । शिक्षा शाखालाई आवश्यक कम्प्युटर डेक्सटप र प्रिन्टरको खरिदको लागि सवै भन्दा घटि दररेट वाला इन्टेल कम्प्युटर सेन्टर धनगढी कैलाली सँग रु १६६७८४५।१ मूअ कर सहित २०७७।१२।१९ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा म्याद थप नगरी २०७८।३।२१ मा विल पेश गरेको छ । म्याद थप विना रु.१६६७८४५।१ को भुक्तानीका लागि विल भएकोमा बजेट अभावका कारण रु ८१२०००। मात्र भुक्तानी भएको छ । ठेक्काको म्याद भन्दा ९२ दिन ढिला गरी सामान आपूर्ति भएकोले ठेक्का अंकको प्रति दिन 0.05 प्रतिशतका दरले हुने रु.७६७२१। हर्जाना असूल गर्नुपर्ने रु. | ७६,७२१ |
| ७० | | | **भुक्तानीमा कर**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.29264। अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. | २९,२६४ |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | लाग्ने कर | कर रकम |
|---|---|---|---|---|
| २२१।०७८।३।२४ | गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत योगेन्द्र अयडीले सञ्चालन भएको विभिन्न कार्यक्रम | १०६४००० | भाडा कर | १०५०० |
| २८६।०७८।३।२५ | सुनौला हजार दिनका आमाहरुलाई पोषण कार्यक्रम | ५३२५७० | अग्रिम कर | ११२६४।१५ |
| ६०९।०७८।३।३१ | पोषण सम्बन्धि कार्यक्रम अन्तरगत गोर्ख कटुवालले सञ्चालन गरेको कार्यक्रम | ४५०००० | भाडा तथा अग्रिम कर | ७५०० |
| **जम्मा** | | | | **9264.15** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **वडा कार्यालयबाट भएको खर्चः**<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएका शीर्षकमा सूविधा उपभोग गरेको अवस्थामा वडा कार्यालयलाई पनि सोही शीर्षकमा बजेट छुट्ट्याई खर्च भएको देखिन्छ । वडा कार्यालयको खर्च | १,०८५,६६६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | परीक्षण गर्दा सवै जसो सेवा सुविधा पदाधिकारीले प्रयोग गरेको देखियो । यसरी नगरपालिकाबाट भुक्तानी भईसकेको सुविधाहरु पुनः वडा कार्यालयबाट भुक्तानी भईरहेको अवस्थामा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च गर्ने परिपाटी नियन्त्रण गरी दोहोरो भएको सम्बन्धमा छानविन गर्नुपर्ने रु. | |

| **वडा नं.** | **खर्च शीर्षक** | | | **जम्मा रकम** |
|---|---|---|---|---|
| | **सञ्चार** | **ईन्धन** | **अतिथि सत्कार तथा विविध** | |
| १ | 20000 | 50000 | 45000 | 115001 |
| २ | 20000 | 37800 | 40000 | 97802 |
| ३ | 20000 | 50000 | 55000 | 125000 |
| ४ | १०००० | २०००० | 55000 | 85000 |
| ५ | १०००० | 30000 | 55000 | 95000 |
| ६ | 18000 | 50000 | 55000 | 123000 |
| ७ | 13000 | 45366 | 45000 | 103366 |
| ८ | 20000 | 36500 | 55000 | 111500 |
| ९ | 20000 | 50000 | 55000 | 125000 |
| १० | 20000 | 50000 | 55000 | 125000 |
| **जम्मा** | **171000** | **399666** | **515000** | **1085666** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम –** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था अनुसार कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वियन भएका छन्।साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, फिल्ड निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडा नं १ देखि १० वडाका ५१५ जनालाई रोजगारी उपलब्ध गराई रु.२६४६५१०८.० खर्च गरेको छ ।लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन। | |

| वडा नं | कार्यक्रम/योजना संख्या | श्रमिक संख्या | कुल खर्च भएको रकम | |
|---|---|---|---|---|
| १ | ४ | ६७ | ३४८३९००.० | |
| २ | २ | १३ | ६७२१००.० | |
| ३ | ३ | २९ | १४९९३००.० | |
| ४ | ८ | १२१ | ६२४७९५८.० | |
| ५ | ४ | ३७ | १८९२९८२.० | |
| ६ | ५ | ५४ | २७१२९५४.० | |
| ७ | ३ | ५० | २५८५०००.० | |
| ८ | ३ | ३९ | १९७६६९४.० | |
| ९ | ४ | ६८ | ३५१५६००.० | |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १० | ३ | ३७ | १८९८६१७.० | | | |
| | | | | जम्मा | | | २६४६५१०८.० | | | |
| ७३ | | | **भ्रमण खर्च :**<br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । भ्रमण खर्च नियमावली २०६४ को नियम ३ (१) अनुसार भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न नमिल्ने तथा नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था उल्लेख छ । नगरपालिकाले पदाधिकारीहरुको भ्रमण खर्च भुक्तानी गरेकोमा के कति कुन प्रयोजनको लागि भ्रमणमा खटिएको हो र भ्रमणबाट फर्किए पछि भ्रमण प्रतिवेदन सहित विल पेश गर्नुपर्नेमा प्रतिवेदन वेगर तथा भ्रमण अभिलेख नराखि पदाधिकारीहरुलाई रु.1200000। भुक्तानी गरेको छ । | | | | | | | |
| ७४ | | | **सामाजिक सुरक्षातर्फ** | | | | | | | |
| ७४.१ | | | **सामाजिक सुरक्षातर्फ बढी निकासा** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।तर नगरपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, नागरिकता नम्बर नखुलेको,मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन।नगरिपालिकाले यस सम्बन्धमा तहाँबाटै छानबीन गरी दोहोरो परेको रकम असुल गरी लगत अद्यावधिक गर्नुपर्दछ । परिक्षण गरिएका केही भौचरका आधारमा कतिपयको नाम र जन्म मिती वा नागरिकता नम्बर एकै भएको व्यक्ति पहिचान गरी प्रमाण पेश गर्नुपर्ने वा दोहोरो भुक्तानी भएको खण्डमा असुल गर्नुपर्ने रु | | | | | | | ९०,६०० |

| नाम थर | जन्म मिति | वडा नं. | ना.प्र.नं. | भत्ताको किसिम | प्रथम चौमासिक दर | दोश्रो चौमासिक दर |
|---|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | पार्वती देवी जैशी | १९९९/१२/३० | १० | २४०३ | ज्येष्ठ नागरिक | १२००००.० | १२००००.० | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पार्वती देवी जैशी | १९९९/१२/३० | १० | १०१ | ज्येष्ठ नागरिक | १२००००.० | १२००००.० | |
| | | | | सेतु देवी लुहार | १९९७/१२/३० | १० | १६८९ | ज्येष्ठ नागरिक | १२००००.० | १२००००.० | |
| | | | | सेतु देवी लुहार | १९९७/१२/३० | १० | २३२६ | ज्येष्ठ नागरिक | ९०००.० | १२००००.० | |
| | | | | कलु सार्की | २०१६/५/४ | ५ | २३२५ | ज्येष्ठ नागरिक दलित | ८०००.० | ८०००.० | |
| | | | | कलु सार्की | २०१६/५/४ | ५ | २३२५ | ज्येष्ठ नागरिक दलित | ६०००.० | ८०००.० | |
| | | | | गोरे सार्की | २०१६/१२/३० | ५ | २३४५ | ज्येष्ठ नागरिक दलित | ८०००.० | ८०००.० | |
| | | | | गोरे सार्की | २०१६/१२/३० | ५ | २३५५ | ज्येष्ठ नागरिक दलित | ६०००.० | ८०००.० | |
| | | | | मोती सेराला | आलेप बाट कायम | 9 | 2696 | एकल महिला | - | 8000 | |
| | | | | तुलसा देवी सिंह | आलेप बाट कायम | 9 | 2228 | एकल महिला | - | 8000 | |
| | | | | प्रायुष थापा | आलेप बाट कायम | 5 | - | बालबालिका | - | 1600 | |
| | | | | **जम्मा** | | | | | | **90600** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४.२ | | | कार्यालयले वडा सचिवलाई सामाजिक सूरक्षा भत्ता वितरण गर्न पेश्की रकम निकासा गरी भरपाईको आधरमा फछ्र्योंट गरेकोमा, परिक्षण गरिएका केही भौचरका आधारमा भरपाईको जोडजम्मा रकम फरक पर्न गएकोले, सो सम्बन्धमा कार्यालयले यकिन गरी फरक रकम असुल गर्नुपर्ने र अन्यको हकमा समेत तहाँबाट छानबिन गर्नुपर्ने रु | २९३,८०४ |

| वडा | पेश्की बुझिलिने | पेश्की निकासा | रकम वितरण | भरपाई पेश भएको | घटी भरपाई पेश |
|---|---|---|---|---|---|
| १० | वडा सचिव, बलदेव चौधरी | ४३९५३६४.० (तेश्रो चौमासीक) | ४३१७०७८.० | ४१३०२५९.० | १८६८१६.० |
| ५ | वडा सचिव, माया कुमारी थापा | १९९४८४३.० (दोश्रोचौमासीक) | १९७६८४३.० | १९६९५३८.० | ९२९८८.० |
| 2 | आलेप बाट कायम | 2436000 | 2374000 | 61000 फिर्ता | 1000 |
| 7 | आलेप बाट कायम | 1799000 | 1787000 | 11000 फिर्ता | 1000 |
| | निरज कुमार थापा | 2544000 | 2532000 | - | 12000 |
| जम्मा | | | | | 293804 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | **विपद् व्यवस्थापन**<br>**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ७६ | | | **विपद् व्यवस्थापन कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.15670656। आम्दानी भई रु.12932860। खर्च गरी बाँकी रु.2737796। देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७ | | | **पि.सि.आर.प्रयोगशालाः-**<br>जिल्ला प्रशासन कार्यालय,बाजुराको च.नं.3388 मिति 2078/2/9 को पत्र बमोजिम मिति 2078/2/6 को समन्वय बैठकबाट जिल्लामा पि.सि.आर. प्रयोगशाला सञ्चालन गर्न जिल्ला स्तरमा एउटा कोषको स्थापना गर्ने र उक्त कोषमा सवै स्थानीय तहले रु.10 लाख मध्ये कम्तिमा 60 प्रतिशत ६ लाख रकम जेष्ठ १५ गते भित्र र बाँकी ४० प्रतिशत ४ लाख रकम 2078 भाद्र मसान्त भित्र जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा गर्ने निर्णयको आधारमा यस पालिकाले रु.6 लाख मिति 2078/2/13 गते जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी रकम पठाएको छ । जिल्ला प्रशासन कार्यालयको निर्णय बमोजिम जिल्लामा लेखापरीक्षण अवधि 2078 आश्विन १५ गते सम्म पि.सि.आर. प्रयोगशाला सञ्चालनमा आएको छैन । नगरपालिकाबाट पठाएको रकम जिल्ला प्रशासन कार्यालय अन्तरगत विविध खातामा रहि रहेको छ । जिल्लामा पि.सि.आर. प्रयोगशाला सञ्चालनमा नआएको खण्डमा उक्त रकम फिर्ता गर्नुपर्ने रु. | ६००,००० |
| ७८ | | | **गत बर्षको खर्चः**<br>कोभिड १९ अन्तरगत नगरपालिकाले रु.८५८०३८७। खर्च गरेको छ । गत बर्ष भुक्तानी हुन नसकेको कारण सहित भुक्तानी दिन बाँकी वास्तविक रकम एकिन गरी सो विवरण प्रमाणित गरेर राख्नु पर्नेमा नगरपालिकाले प्रमाणित विवरण वेगर रु.४३३४९६१। गत बर्षको भुक्तानी भुक्तानी गरेको छ । स्वीकृत बजेटले नपुगेको र भुक्तानी गर्नुपर्ने अवस्थाको रकम अर्को बर्षलाई दायित्व सार्ने अवस्थामा स्थानीय तहले स्वयं प्रमाणित गरी राखेको प्रमाणको आधारमा भुक्तानी गर्नुपर्दछ । | |
| ७९ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ८० | | | **पेश्की बाँकी :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०77 को नियम 52(4) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फछ्र्यौट हुन वाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छयौट गर्नुपर्दछ रु. | १,१५०,००० |

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|
| कर्मचारी | प्रेमराज जैशी | - | 10000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | निराजन कुमार थापा | - | 50000 |
| मोविलाईजेशन | | **9078662** | |
| | वि.आर.एस.कन्स्ट्रक्सन एण्ड सप्लायर्स | 1038662 | 0 |
| | के.आर. निर्माण सेवा | 1200000 | 0 |
| | सि.पि. कन्स्ट्रक्सन सोलुसन प्रा.लि. | 1000000 | 0 |
| | समिटपिक ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | 1000000 | 0 |
| | थापा ब्रदर्श कन्स्ट्रक्सन कम्पनी | 2200000 | 0 |
| | समारिका कन्स्ट्रक्सन | 2640000 | 0 |
| संस्थागत | | | **1090000** |
| | बसन्त बालमैत्री आधारभुत विद्यालय | 0 | 190000 |
| | ब्रम्हदेवस्थली आधारभुत विद्यालय | 0 | 200000 |
| | टाँटे स्वास्थ्य चौकी | 0 | 400000 |
| | देउलीसैन स्वस्थ्य चौकी | 0 | 300000 |
| | जम्मा | 10168662 | 1150000 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण –<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू<br>(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</th></tr>
<tr><td>७१३२५</td><td>0</td><td>71325</td></tr>
</table></td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>अद्यावधिक वेरुजु<br>यस नगरपालिकाको २०७७।७8 सम्मको फछयौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।<br>
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्यावधिक बाँकी बेरुजू<br>(E=A-B+C+D)</th></tr>
<tr><td>71325</td><td>0</td><td>४६३०८</td><td>०</td><td>११७६३३</td></tr>
</table></td><td></td></tr>
</table>